# नेपाल पत्रकार महासंघ
# Federation of Nepali Journalists (FNJ)
केन्द्रीय समिति,सञ्चारग्राम, काठमाडौं, नेपाल

मिति : २०७८।०१।०९

## शोक विज्ञप्ति

नेपाल पत्रकार महासंघ दाङ शाखाका सदस्य दामोदर अधिकारी र झापा शाखाका सदस्य कमल मिश्रको कोरोना संक्रमण भई उपचारका क्रममा निधन भएको दु:खद् खवरले नेपाल पत्रकार महासंघ स्तब्ध र दु:खी भएको छ ।

दाङको घाराही-१७ निवासी ४१ वर्षीय पत्रकार अधिकारीको काठमाडौंमा उपचारका क्रममा वैशाख ७ गते मंगलबार निधन भएको थियो भने झापाबाट पत्रकीरता सुरु गरी हाल काठमाडौंमा पत्रकारिता गरिरहेका मिश्रको वैशाख १ गते राति ४९ वर्षको उमेरमा काठमाडौंस्थित टेकु अस्पतालमा उपचारको क्रममा निधन भएको थियो ।

महासंघ स्वर्गीय पत्रकारद्वय अधिकारी र मिश्रप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछ । साथै, शोकको यस घडीमा महासंघ शोकसन्तप्त परिवारजनमा धैर्यधारण गर्ने शक्ति प्राप्त होस भन्ने कामनासहित गहिरो समवेदना व्यक्त गर्दछ ।

कोरोनाकै कारण यसअघि ६ जना पत्रकारको निधन भएको थियो भने ४ सयभन्दा बढी संक्रमित भएका थिए । पछिल्लो केही दिनयता कोरोना संक्रमितको दर दिनानुदिन बढरिहेको छ । कोरोना भाइरस (कोभिड १९) को उच्च संक्रमणको चुनौतीपूर्ण यो अवस्थामा महासंघ सम्भावित जोखिमको ख्याल गरी सम्पूर्ण स्वास्थ्य सुरक्षाका उपायहरु अवलम्बन गर्दै पेशागत कर्ममा जुट्न सबै पत्रकारमा अपिल गर्दछ ।

रोशन पुरी
महासचिव

Headquarters, Media Village, Kathmandu, Nepal
Phone : +977-1-4112763/4112673, Fax: +977-1-4112785, Email fnjnepalcentral@gmail.com, URL: www.fnjnepal.org